# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड ३) संख्या ४६ स्थानीय राजपत्र भाग २ मिति २०७६।०५।१५


# शिक्षक दरबन्दी मिलान तथा विद्यालय नक्सांकनसम्बन्धी कार्यविधि, २०७६

प्रस्तावना :

यस उप-महानगरपालिका भित्रका विद्यालयहरुको शिक्षाको गुणस्तर सुधार गर्ने, शिक्षक विद्यार्थी अनुपात मिलाउने, विद्यालयको कक्षा घटुवा गर्ने प्रयोजनको लागि विद्यार्थी संख्या, भौगोलिक अवस्था एवं विद्यालय तहको आधारमा दरबन्दी मिलान एवं विद्यार्थी कम भएका विद्यालयको कक्षा घटाई शिक्षक पदस्थापना गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ 'ज' को खण्ड १२ बमोजिम (विद्यालय नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन) सम्बन्धी प्रावधान मुताविक यस उप-महानगरपालिका अन्तर्गत सञ्चालनमा रहेका केही सामुदायिक विद्यालयहरुलाई समायोजन गरी व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम घोराही उप-महानगरपालिकाको नगरसभाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा विद्यालय नक्सांकनसम्बन्धी कार्यविधि, २०७६ रहेको छ ।

ख) यो कार्यविधि घोराही उप-महानगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ

२. परिभाषा र व्याख्याः विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यपालिका" भन्नाले घोराही उप- महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

ख) "शिक्षा समिति" भन्नाले घोराही उप- महानगरपालिकाको नगर शिक्षा समिति सम्झनुपर्छ ।

ग) "दरबन्दी" भन्नाले नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी र अस्थायी कोटा सम्झनुपर्छ ।

घ) "राहत" भन्नाले नेपाल सरकारद्वारा स्वीकृत राहतकोटा सम्झनुपर्छ ।

ङ) "दरबन्दी मिलान" भन्नाले घोराही उप-महानगरपालिका क्षेत्रभित्र कार्यरत स्थायी, अस्थायी, राहतलाई संचालन र व्यवस्थापन गर्ने सम्झनु पर्दछ ।

च) "सामुदायिक विद्यालय" भन्नाले घोराही उप-महानगरपालिकाभित्र नेपाल सरकारद्वारा अनुदान प्राप्त विद्यालय सम्झनुपर्छ ।

छ) "उप-महानगरपालिका" भन्नाले घोराही उप-महानगरपालिकालाई

सम्झनुपर्छ ।

ज) नक्सांकन भन्नाले विद्यालयको सेवा क्षेत्र, भौगोलिक अवस्थिति अनुसार विद्यालयको अवस्था बुझ्नुपर्छ ।

## परिच्छेद- २

## दरबन्दी मिलानका आधारहरु

३. शिक्षक दरबन्दी मिलान गर्दा उप-महानगरपालिकाले अवलम्बन गर्ने आधारहरु :

३.१ शैक्षिक सत्र २०७६ को इमिसमा उल्लेख भएका विद्यार्थी संख्याका आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी संख्यालाई आधिकारिक विद्यार्थी संख्या मान्ने ।

३.२ विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी, सट्टा र राहतमा कार्यरत शिक्षकहरुको जम्मा संख्यालाई सम्बन्धित विद्यालयको शिक्षक संख्या मान्ने ।

३.३. अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलव भत्ता भुक्तानी हुन्छ सोही विद्यालयकै शिक्षक कायम गर्ने र अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्ने । यस नगर क्षेत्रबाट अन्य क्षेत्रमा काजमा गएका शिक्षकहरुलाई दरबन्दी रहेकै विद्यालयमा शिक्षक संख्या कायम गर्ने ।

३.४ विद्यालयहरुमा दरबन्दी कायम गर्दा प्राथमिक १-३ विद्यालयको हकमा न्युनतम २ शिक्षक दरबन्दी कायम गर्ने, प्राथामिक १-५ विद्यालयको हकमा न्युनतम ३ दरबन्दी कायम गर्ने र विद्यार्थी संख्याको आधारमा अन्य दरबन्दी थप गर्ने । दरबन्दी थप गर्दा ३० विद्यार्थी बराबर १ शिक्षक दरबन्दी कायम गर्दै जाने अन्तमा विद्यार्थी संख्या

३० को ५० प्रतिशतभन्दा बढी भएमा १ शिक्षक दरबन्दी कायम हुने । आधारभूत ६-८ विद्यालयको हकमा न्युनतम ३ दबरन्दी कायम गर्ने र विद्यार्थी संख्याको आधारमा अन्य दरबन्दी थप गर्ने । दरबन्दी थप गर्दा ४० विद्यार्थी बराबर १ शिक्षक कायम गर्दै जाने अन्तमा विद्यार्थी संख्यामा ४० को ५० प्रतिशतभन्दा बढी भएमा १ शिक्षक थप हुने ।

३.५ विद्यालयको कक्षा घट गर्ने सम्बन्धमा : १-५ संचालित विद्यालयहरु मध्ये भौगोलिक विकटता बाहेकका विद्यालयहरु कक्षा ४-५ घट गर्दा विद्यार्थीहरु अर्को नजिकको विद्यालयमा जान सक्ने अवस्था समेतलाई मध्यनजर गरी ५० विद्यार्थीभन्दा कम विद्यार्थी भएका तपसिलका विद्यालयहरुमा संचालन भएको कक्षा ४ र ५ लाई स्थगन गरी हाललाई १-३ कक्षा मात्र संचाल नगर्ने ।

| | |
|---|---|
| १. प्रा.वि. पक्वै | २. प्रा.वि. गुरुवागाउँ |
| ३. जनता प्रा.वि. घुस्रा | ४. रात्री प्रा.वि. शुक्रबार |
| ५. रात्री प्रा.वि. बुधौरा | ६. वि.पि. बाटिका प्रा.वि. जलौरा |
| ७ ज्ञानज्योति प्रा.वि. पेरेनी | ८. प्रा.वि. पेदा |
| ९. हरि ॐ प्रा.वि. भैसाप्रथा | १०. गणेश प्रा.वि. सेवार वगाले |
| ११. बालकल्याण प्रा.वि. कलमघारी | १२. प्रा.वि. सानी अम्बापुर सर्रा |
| १३. प्रा.वि. हरिद्वार | १४. रात्री प्रा.वि. क्वाडी |
| १५. प्रा.वि. मसिना | |

३.६ एउटै शिक्षकले एकै पटक भन्दा बढी कक्षा पढाउनु पर्ने अवस्था भएमा बहुकक्षा शिक्षण गर्ने ।

३.७ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी संख्या तथा विषयगत मिलान हुने गरी दरबन्दी मिलान गर्दै जाने ।

३.८. कक्षा ६-८ सञ्चालन भएका आधारभूत विद्यालयहरुमा न्युनतम ३ ओटा र सो भन्दा बढी भएमा माथि उल्लेख भए अनुसार शिक्षक थप गर्दै जाने । शिक्षक नियुक्ति गर्दा प्राथमिकताको आधारमा (अंग्रेजी १, गणित/विज्ञान १ नेपाली १, सामाजिक १ गरी (४) ओटासम्मको शिक्षक दरबन्दी कायम गर्दै जाने ।

३.९. माथि उल्लेख भए अनुसार दरबन्दी कायम गर्दा कट हुने दरबन्दी शिक्षा युवा तथा खेलकुद महाशाखा घोराही उप-महानगरपालिकामा पुलमा रहनेछन् । दरबन्दी थप हुने विद्यालयमा शिक्षक पठाउँदा नगर शिक्षा समितिको निर्णयको आधारमा पुल दरबन्दीबाट सरुवा पदस्थापन गरिने छ ।

३.१०. माथि उल्लेखित दफा नं. ४.५ मा कक्षा १-५ संचालनमा रहेका विद्यालयहरुलाई कक्षा ४ र ५ स्थगन गरी कक्षा १-३, १-५, ६-८, मा.वि. संचालनमा र विद्यालयहरु मध्ये केही विद्यालयहरुमा विद्यार्थी संख्या अत्याधिक न्युन र त्यस स्थानमा विद्यालय स्थगन गर्दा विद्यार्थी नजिकको विद्यालयमा जान समेत समस्या नभएको देखिएमा त्यस्ता विद्यालय रहेको वडा समितिको सिफारिस लगायत शिक्षा समितिको बैठकको निर्णयको आधारमा कार्यपालिकाबाट निर्णय भई विद्यालय स्थगत (मर्ज) गरिनेछ ।

४.० कार्यविधिको व्याख्या र विश्लेषण :

४.१. यस कार्यविधि लागु हुनुपूर्व भए गरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

४.२. यस कार्यविधिको कुनै दफा वा भाग संविधानसँग बाझिएमा स्वतः अमान्य हुनेछ ।

५. बाधा अड्काउ फुकाउ :

यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै अवरोध अस्वस्थता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि नगरसभाले यस कार्यविधिमा आवश्यकतानुसार व्याख्या गरी बाधा अड्काउ फुकाउने छ ।

आज्ञाले,
**ऋषिराम के.सी.**
प्रमुख प्रशासकीय अधिकृत